# सुर्यगढी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

बागमती प्रदेश, नेपाल
फोन: ०१०-६८००४२

प.सं. ०७६/७७

च.नं.

मिति-२०७७।०२।३२

**विज्ञप्ती**

कोरोना भाईरस(COVID-19) ले विश्व नै आक्रान्त बनिरहेको जटिल अबस्थामा यस गाउँपालिकाले खेलेको भुमिका सबै सुर्यगढीबासी लाई जनजाहेर नै छ।जिल्ला प्रशासन कार्यालयले राखेको जिल्ला स्तरिय बैठकमा मैले नुवाकोट जिल्ला पुर्ण रुपले शिल गर्नुपर्छ भनेर राखेको प्रस्ताव अस्वीकृत भएपछी गाउँपालिकामा गाउँकार्यपालिका,सर्वदलिय-सर्वपक्षिय बैठकबाट पारित निर्णय अनुसार गाउँपालिका नाका शिल गर्न मिति २०७७।०२।०७ गते देखी २०७७।०२।१८ सम्म गरियो।यस निर्णय कार्यान्वयन मा सहयोग गर्ने सम्पुर्ण राजनैतिक दल,समाजसेवी,बुद्दीजीवी र सम्पुर्ण स्थानीय बासिन्दालाई धन्यवाद दिन चाहन्छु।

हालको जटिल अवस्थामा नुवाकोट जिल्लामा पनि उक्त भाईरसको संक्रमण देखिएकोले र जिल्लामा रहेको जम्मा १० बेडको आईसोलेसन अहिलेको अवस्थामा नै भरिसकेको हुँदा आगामी दिनमा संक्रमण हुनासाथ,के गर्ने भन्ने कुरा गंभिर अवस्थामा नै रहेको छ।जिल्ला विपद ब्यबस्थापन समिति,नुवाकोट जिल्लामा रहेको स्थानीय निकायले बेलैमा ध्यान दिन नसके जिल्लामा नै भयानक अबस्था नआउला भन्न सकिन्न।एउटा सिमित गाउँपालिका अर्थात,सुर्यगढीले मात्र यसमा केही गर्न नसक्ने अवस्था छ।त्यसैले सुर्यगढी गाउँपालिकामा रहनुहुने सम्पुर्ण बुवा-आमा,दाजु-भाई,दिदी-बहिनी सबैलाई आफै सुरक्षीत रहन विनम्र साथ अनुरोध गर्दछु।यसमा सुर्यगढी गाउँपालिकालाई कोरोना भाईरस बाट रोकथाम गर्नको लागी कसरी समाधान गर्न सकिन्छ भन्ने तपाईहरुको अमुल्य सुझाब-सल्लाह समेत दिनुहुन आग्रह गर्दछु। साथै कुनै पनि समस्या परेमा हाम्रो गाउँपालिकाको क्षमताले गर्न सक्ने सम्म सहयोग गर्न तयार रहेको जानकारी गराउन चाहन्छु।

धन्यवाद।

सन्त बहादुर घले(तामाङ)
अध्यक्ष

सन्त बहादुर घले (तामाङ)
अध्यक्ष